चेतनशील सहकारीको अध्यक्षमा शकुन्तला गोपाली । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-२६ ● २०७९ पुस २५ गते सोमबार, ● 09 Jan. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## महशुल नतिर्ने ५६ जनाको लाइन काटियो, १० लाख असुल

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले वक्यौता महशुल नबुझाउने ५६ ग्राहकको लाईन काटेको छ । लामो समयदेखि विद्युत महशुल नबुझाई बढि वक्यौता भएका ग्राहकको लाईन काटी पालुङ प्राधिकरणले वक्यौता उठाउन थालेको हो ।

पटक-पटक सूचना गर्दा पनि अटेर गरी वक्यौता नबुझाएका ग्राहकहरूको २० पुसबाट लाईन काट्न शुरू गरेको वितरण केन्द्र प्रमुख बिरमान रास्कोटीले बताए । प्राधिकरणले २२ पुससम्म ५६ ग्राहकको लाईन काटी सकेको छ । लाईन काटिएपछि ४२ ग्राहकले महशुल तिरी लाईन जोडाउदा प्राधिकरणले १० लाख बक्यौता असुल गरेको छ ।



पालुङ प्राधिकरणको वक्यौता झण्डै २ करोड छ । वक्यौता असुल गर्न ३ महिना भन्दा बढी समय विद्युत महशुल नबुझाउने ग्राहकको लिष्ट तयार गरी लाईन काट्न टोली परिचालन गरिएको पालुङ प्राधिकरणले जनाएको छ ।

## इन्द्रसरोवर कुलेखानीमा जीपलाइनको सफल परीक्षण

मणीराज थापा
इन्द्रसरोवर

मकवानपुरको इन्द्रसरोवर कुलेखानी तालमाथि जीपलाइन गर्न पाइने भएको छ । इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ मा कुलेखानी एड्भेन्चर प्रा.लि.ले जीपलाईन संचालन गर्न लागेको कुलेखानी भिलेज रिसोर्टका संचालक परशुराम योन्जनले जानकारी दिए । योन्जन सो जीपलाइनका संचालक समेत हुन् ।

कुलेखानी एडेभेन्चर प्रा.लि.ले अंग्रेजी नयाँ वर्षको अवसरमा जीपलाइनको परीक्षण गरिसकेको छ । एक पटकमा दुईजना यात्रा गर्न सकिने गरि निर्माण गर्न लागिएको उक्त जीपलाईनको नियमित संचालन एकमहिना भित्रै हुने सञ्चालक योन्जनले बताए । 'इन्द्रसरोवर तालमा बोटिङको मज्जासंगै अर्को साहसिक पयर्टन जीपलाइन शुरू गर्दैछौं, हामी आम पर्यटकहरूलाई घुम्न आउन अनुरोध गर्छौं- संचालक योन्जनले भने । उनका अनुसार-'काठमाण्डौबाट नजिक यि दुवै बोटिङ र जीपलाइनुको मज्जा संगै लिन पाउने ठाउँ कुलेखानी हो ।' संचालक योन्जन थप्छन्-'यसरी तालमाथि नै जीपलाइन गर्न पाइने नेपालकै संभवतः पहिलो हो ।'

इन्द्रसरोवरको छरदार दोबाटोमा स्टेशन राखिएको जीपलाइन ६ सय मीटर भन्दा बढि लामो रहेको छ । जग्गा बाहेक एक करोड भन्दा बढि लगानीमा शुरू गर्न लागिएको जीपलाइनको सफल परीक्षणसंगै पर्यटकहरू थप आकर्षित हुने लगानीकर्ताहरूको अनुमान छ ।



मकवानपुरको इन्द्रसरोवर पछिल्लो समय पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको छ । प्राकृतिक मनोरमताको साथै साहसिक पर्यटनका लागि समेत इन्द्रसरोवर प्रसिद्ध छ । इन्द्रसरोवर क्षेत्रमा साना तथा ठूला ठूला होटल समेत संचालनमा रहेका छन् । होटल तथा रिसोर्टले पर्यटकलाई गर्ने व्यवहार र कम खर्चिलो यहाँको सकारात्मक पक्ष रहेको छ ।

## भीमफेदीमा १५ शैय्या अस्पतालको काम, धमाधम



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर-६ स्थित बजारमा १५ शैयाको अस्पताल निर्माणको काम धमाधम भइरहेको छ ।

तीन तलाको अस्पताल निर्माण गर्न लागिएको हो । संघीय सरकारको अनुदानमा भीमफेदी गाउँपालिकाले ठेक्का लगाएर अस्पताल निर्माणको काम गरिरहेको छ । १२ करोड रूपैयाँ लागतमा अस्पताल निर्माणको काम भइरहेको हो । गाउँपालिकाले गरेको ठेक्कामा रविना नब सिर्जनशिल जेभीले संझौता गरेर काम गरिरहेको छ । तीन तलाको भवनमा दुई तला ढलानको काम सकिएको भीमफेदी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत भिमलाल महर्जनले जानकारी दिए ।

अस्पतालको सुविधा सम्पन्न भवनसंगै क्वाटर पनि निर्माण गरिने उनले बताए

## बागमती गाउँपालिकामा लालपुर्जा बाँडियो

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकाका ३० जना भूमिहिन सुकुम्बासीलाई १७ पुसमा लालपुर्जा वितरण गरिएको छ । गाउँपालिकाले एक कार्यक्रमको आयोजना गरी वडा नम्बर ४ का २८ जना र ५ नम्बरका २ जना गरी ३० जना भूमिहिन सकुम्बासीलाई पुर्जा वितरण गरेको हो ।

लालपुर्जा वितरण कार्यक्रममा बोल्दै प्रमुख अतिथी समाजिक विकास मन्त्री कुमारी मोक्तानले हिजो जनताकै अधिकारका लागि लडेर आएकाले नै फलस्वरूप जनताले अहिले हातहातमा पुर्जा पाउन सफल भएको जिकिर गरिन् । उनले स्थानीय सरकारको पहलले आज यो सुनौलो अवसर जनताले पाउन सकेको बताइन् । कार्यक्रममा विशिष्ट अतिथि एवं क्षेत्र नम्बर १ प्रदेशसभा (क) का सांसद प्रेमबहादुर पुलामी (छिन्तु) ले स्थानीय सरकार, घर-घरमा सिंहदबार भन्ने नाराले यस कार्यक्रमले पूर्णता पाएको उललेख गरे । जनताको लागि स्थानीय सरकार कति सक्रिय छन् भन्ने विषय यस कार्यक्रमले पुष्टि गरेको उनको भनाई छ ।

कार्यक्रमका अध्यक्ष एवं बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले पालिकाका १० हजार भूमिहिन, सुकुम्बासीहरूलाई पुर्जा वितरण गर्न बाँकी रहेको बताए । उनले ८ हजार पुर्जा तयारी अवस्थामा रहेको तर, स्थानीय र प्रतिनिधि/प्रदेश निर्वाचनले गर्दा ढिलाई भएकाले १७ पुसमा ३० जनालाई मात्र वितरण गरिएको उनको भनाई छ । उनका अनुसार पुर्जा विरतणलाई निरन्तरता दिइनेछ । देशैभर भूमिहिन सुकुम्बासीलाई पुर्जा वितरण भएको जिल्लामा मकवानपुर र चितवन रहेको छ ।

मकवानपुर जिल्लामा पनि बागमती गाउँपालिकामा यसको सुरूवात भएको छ । यसअघि पालिकाले २०७७ साल चैतमा ३ जनालाई पुर्जा वितरण गरेको थियो । यो समेत गरेर हालसम्म पालिकाका ३३ जनाले पुर्जा पाएका छन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com

# • सम्पादकीय •

## नयाँ जनप्रतिनिधिलाई बेरुजू नै चुनौति

घरआँगनमा सिंहदरबार भनिएका यी स्थानीय तहहरुको काम महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट धेरै कुरा थाहा लाग्छ । स्थानीय सरकारले प्रधावकारी काम गर्छन् र जनतालाई केन्द्रीय सरकारको अभाव हुन दिँदैनन् भन्ने मान्यता थियो । सैद्धान्तिकरूपले यस्तो अवस्था हो पनि । केन्द्रीय सरकारले भन्दा स्थानीय जनताका लागि स्थानीय सरकारबाट प्रदान हुनुपर्ने सेवाहरूको संख्या बढी थिए । तर प्रशासनको अवस्था पुरानै रहेका कारण र कतिपय ठाउँमा निर्वाचित पदाधिकारी पनि बढी राजनीतिक भएका कारणले होला ती सेवा प्रवाहको निष्पक्षता कायम हुन सकेन अपेक्षाअनुसार । बरु भ्रष्टाचारको सूचकले भने अंक बढायो । निर्वाचित पदाधिकारीले आफ्नै सेवासुविधातर्फ ध्यान दिए भने सीमित साधनस्रोतको दोहनमा पनि उनीहरूका रुचि बढे जसले अनियमित खर्चको अङ्क बढायो । त्यसकै परिणाम हुनुपर्छ यी निकायको यो पहिलो कार्यकालको तीन वर्षमा नै यस्तो अनियमितता भएको रकमको अङ्कले एक खर्बको तह नाघ्यो । यो भनेको धेरै ठूलो रकम हो । त्यसै पनि स्थानीय तहबाट हुने विकास निर्माणको रकमको अङ्क केन्द्रको तुलनामा सानो हुन्छ । त्यस्तो अवस्थामा अनियमितताको अङ्क यति ठूलो हुनु भनेको सामान्य कुरा होइन । निर्वाचित प्रतिनिधिले चाहेका भए यसलाई रोक्न वा घटाउन सक्ने थिए । उनीहरू नै यी निकायका प्रमुख हुन् ।

महालेखाको प्रतिवेदनले देखाएअनुसार आर्थिक वर्ष ०७३/७४ मा स्थानीय सरकारहरूको बेरुजु १४ अर्ब २४ करोड ६० लाख थियो । निर्वाचित भएर आएपछिको नयाँ नेतृत्वले अनुभवको अभावले हो कि केले हो सुशासन कायम गर्न सकेन । फलस्वरूप पहिलो कार्यकालको आधाभन्दा केही बढी समयमा नै यी तहहरूको बेरुजु ८९ अर्बले बढेर एक खर्ब तीन अर्ब पुगेको महालेखापरीक्षणका क्रममा प्रकट भयो । यो आव ०७७/७८ को लेखापरीक्षणभन्दा अघिल्लो वर्षको विवरण हो । अघिल्ला विवरणले नै देखाइरहेका पाइन्छ, यी निकायमा प्रत्येक पछिल्ला वर्ष यस्तो रकम बढिरहेका छन् । बेरुजु बढ्नु भनेको आर्थिक अनियमितता बढ्नु हो । यसमा केही रकम काम सम्पन्न गर्नका लागि दिइएको पेश्की वा बाटामा रहेका रकमको भाग होला तर ठूलो रकम त अनियमित तरिकाले खर्च गरिएकोमा नै पर्छ । महालेखाले गरेका समग्र लेखापरीक्षणको निष्कर्षका रूपमा आएको प्रतिवेदनको भनाइ हो यो । मधेश प्रदेश भ्रष्टाचारका सन्दर्भमा सबैभन्दा माथि देखिन्छ । यस्तो किन भइरहेको छ भन्ने अब त्यो प्रदेशले पनि आफैँ अध्ययन गर्नुपर्ने भएको छ । अरुले देखाएको यस्तो विवरणलाई उसले झुटो आरोप मान्दै आएको छ । लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष ०७६/७७ मा धेरै बेरुजु मधेश प्रदेशका स्थानीय तहहरूमा देखियो । महालेखाको ५८औँ प्रतिवेदनले सबैभन्दा धेरै महोत्तरीको पिपरा गाउँपालिकामा ३७ दशमलव ९७ प्रतिशत बेरुजु देखाएको छ ।

महालेखाले एक अर्ब १२ करोडको लेखापरीक्षण गर्दा यहाँ ४२ करोड ५६ लाख बेरुजु देखियो । यो भनेको यो भनेको कुल खर्चको झण्डै आधाकै हाराहारीमा अनियमितता हो । भ्रष्टाचार र प्रक्रिया नपु–याई गर्ने खर्च बढेको अवस्थामा निकायहरूमा साधनस्रोतको व्यापक दुरुपयोग भएको मान्नुपर्छ जसले ती निकायका विकास निर्माणका काम हुँदैनन् र केवल रकम मात्रै खर्च हुन्छ । तसर्थ अब दोस्रो कार्यकालका लागि स्थानीय तहमा आएका प्रतिनीधिलाई यो बेरुजू घटाउन ठूलो चुनौति थपिएको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नागरिकमा बिमाको पहुँच



सुदर्शन अधिकारी

*नेपालमा बिमा व्यवसायको प्रभावकारिता बढाउन यस क्षेत्रमा रहेका थप समस्याको पहिचान गर्नुपर्छ । बिमा समितिको नाम नै परिवर्तन गरेर नेपाल बिमा प्राधिकरण राखेर यसलाई राष्ट्र बैंकजस्तै शक्तिशाली नयमनकारी निकाय बनाउनुपर्छ*

राज्यले बिमा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरेको भने पनि हालसम्म जम्मा ३५ प्रतिशत नागरिकले मात्र बिमाको पोलेसीअन्तर्गत बिमा गरेका छन् । यसभित्र वैदेशिक रोजगारीमा गएकाको पनि समावेश गरिएको छ । बिमा समितिको प्रतिवेदनअनुसार जेठ अन्त्यसम्म २५ प्रतिशत मात्र बिमाअन्तर्गत समेटिएका छन् । पछिल्ला वर्षमा नागरिकमा बिमासम्बन्धी ज्ञान बढेको हुनाले बिमाप्रति मानिस उत्साहित भएको देखिन्छ । हाल देशमा १९ वटा जीवन बिमा, २० वटा निर्जीवन बिमा र २ वटा पुनर्बिमा कम्पनी सञ्चालनमा रहेका छन् । बिभिन्न बिमा कम्पनीले ३ हजार २ सय ७९ वटा कार्यालयमार्फत बिमा सेवा दिँदै आएका छन् । जेठ मसान्तसम्म जीवन बिमा र निर्जीवन बिमाअन्तर्गत ९० अर्ब रूपैयाँ जम्मा गरेको बिमा समितिले जनाएको छ ।

पछिल्ला वर्षहरूमा बिमासम्बन्धी चेतना विस्तार गर्न विभिन्न प्रशिक्षण तथा प्रचारप्रसार बढाइएकाले बिमा कार्यक्रममा नागरिकको सहभागिता बढेको देखिन्छ । यही क्रमले बिमा गर्नेहरूको मात्रा बढेमा आगामी वर्षमा ४० प्रतिशत पुग्ने अनुमान गरिएको छ । बिमा क्षेत्रको दायरा विस्तार गर्न हरेक प्रदेशमा प्रादेशिक कार्यालय खोल्ने तयारी पनि बिमा समितिले गरेको छ । पहिलो चरणमा मधेस, कर्णाली र सात नम्बर प्रदेशमा कार्यालय खोल्ने नीति लिइएको छ । बिमा समितिका अनुसार कोरोना बिमाअन्तर्गत कम्पनीले १० अर्ब ५० करोड रकम दिन बाँकी रहेको छ । यसलाई हेर्दा १ लाख ५ हजार बिमितले अझै भुक्तानी पाएका छैनन् ।

बिमाको धेरै फाइदा पनि रहेका छन् । यसबाट बचत गर्ने बानीको विकास हुन्छ भने परेको बखतमा सुलभ ब्याजदर मा ऋणसमेत लिन पाइन्छ । हरेक हिसाबले बिमाको योजनामा सहभागी रहनु सकार त्मक देखिन्छ । आर्थिक विकासमा बिमा व्यवसायले खेलेको भूमिकालाई दुई कोणबाट हेर्न सकिन्छ । ती छन् जीवन बिमा र निर्जीवन बिमा । जीवन बिमाको कोणबाट नियाल्दा बिमा व्यवसायले यकित वा परिवारको बिमित व्यक्तिको मृत्यु भएमा उसलाई बिमा लेखमा उल्लेख भए अनुसारको क्षतिपूर्ति उपलब्ध गराउँछ जसबाट बाँकी परिवारले जविनयापनका लागि केही स्रोत पाउँछन् । यो जीवन बिमाको पहिलो प्रभाव हो ।

दोस्रो बिमित व्यक्तिको असामयिक निधन नभएमा बिमालेख परिपक्व हुनासाथ बिमित व्यक्तिले बिमालेखमा उल्लेख भएअनुसारको रकम एकमुष्ट प्राप्त गर्न सक्छ । जुन रकमले विमित व्यक्तिले धेरै कार्य गर्न सक्छ । तेस्रो जीवन बिमा गर्दा व्यक्तिले प्रिमियम दाखिला गर्नुपर्ने भएकाले अनिवार्यरूपमा बचत गर्ने बानीको विकास हुन्छ । चौथो जीवन बिमा गरि एको छ भने बिमा लेख धितोमा राखेर कर्जा समेत लिन सकिन्छ । यसले साना साना आर्थिक आवश्यकता पूरा गर्न सहयोग गर्छ । पाचौं स्वास्थ्य बिमा गरिएको छ भने बिरामी पर्दा आइलाग्ने धेरै खर्चबाट व्यक्तिलाई पर्ने आर्थिक भार कम हुन्छ । छैटौं जीवन बिमा गर्नु सभ्यता, आधुनिकता र दूरदर्शीताको प्रतीकसमेत हो । जीवन बिमा गर्ने व्यक्तिको समाजमा पृथक र सम्मानजनक स्थान र हन्छ । यसले सामाजिक प्रतिष्ठा वृद्धि गराउँछ ।

व्यावसायिक जीवनमा बिमाको अझ ठूलो महत्व रहेको छ । निर्जीवन बिमाले व्यवसायिकतालाई हुने आकस्मिक वित्तीय जोखिमबाट जोगाउँछ । उदाहरणका लागि अग्नि र तारा एयरलाइन्सको २०६७ सालमा भएको दुर्घटनामा ती विमानको बिमा नगरिएको भए दुवै एयर लाइन्सहरू आर्थिकरूपले संकटग्रस्त भइसक्थे । त्यसैले व्यावसायिक जीवनमा बिमाको पहिलो महत्व यसले व्यवसायलाई भविष्यमा पर्न सक्ने सम्भावित आर्थक जोखिमको प्रभावबाट जोगाउँछ । दोस्रो बिमा गरेपछि कतिपय आर्थिक जोखिम कम भएपछि व्यवसायीले तनावरहित भई कार्य गर्न पाउँछ जसबाट उत्पादकत्वमा सकारात्मक प्रभाव पर्न गई आर्थिक क्रियाकलाप विस्तार हुन्छ ।

तेस्रो बिमा व्यवसायले कृषि उद्योग खनिज आदि सबै क्षेत्रको जोखिम कम गर्न सहयोग गर्छ । जसबाट लगानीकर्ता आकर्षित भई पुँजी वृद्धि हुन जान्छ । चौथो अर्थतन्त्रमा बिमा व्यवसाय बढ्दै गएमा अप्रत्यक्षरूपमा उपभोग कटौती भई राष्ट्रिय बचतको भाग पनि बढ्छ जुन नेपालजस्तो अल्पविकसित देशका लागि अति नै जरूरी देखिन्छ । पाचौं अर्थतन्त्रमा लगानीमैत्री वातावरण सिर्जना गर्न औद्योगिक श्रमसम्बन्ध, सरकारी नीति, कच्चा पदार्थको उपलब्धता र बजारको पहुँच जस्ता विविध तत्वको आवश्यकता पर्छ । लगानीमैत्री वातावरणको अर्को पूर्वसर्त भनेको उपयुक्त, मात्रामा अर्थतन्त्रमा बिमा व्यवसायको विकास हुनु पनि एक हो । त्यसैले बिमा व्यवसायले अर्थतन्त्रमा लगानीमैत्री वातावरण निर्माण गर्न सहयोग गर्छ ।

नेपाली अर्थतन्त्र दोधारे चरित्रको रहेको छ । सहर, बजार, संस्थागत क्षेत्र र औद्योगिक गतिविधिबाट टाढा रहेको ग्रामीण र कृषि क्षेत्र पनि नेपाली अर्थतन्त्रको एउटा महत्वपूर्ण अंग हो । यस क्षेत्रमा सञ्चालित साना साना व्यवसाय पसल, उद्यम, कृषि घरेलु व्यवसाय, पशुपालन कुटिर उद्योग व्यावसायिक कृषि आदि कार्यमा हुने जोखिमको बिमा गर्ने प्रचलन प्रभावकारीरूपमा भएको छैन । यो लघु बिमा व्यवसायलाई विकसित गर्न पनि आगामी दिनमा नीतिगत निकायले ध्यान दिनु जरूरी देखिन्छ । बिमा कम्पनी र ग्राहकबीच प्रत्यक्षरूपले बाक्लो भेटघाट हुँदैन । यी दुवै पक्षबीच बिमा अभिकर्ताले समन्वय गरेका हुन्छन् । जसलाई व्यावहारिक प्रचलनमा एजेन्ट भन्ने गरिन्छ । यी बिमा एजेन्टलाई व्यक्तिगत र संस्थागत एजेन्ट गरी दुई भागमा विभाजन गरिन्छ ।

संस्थागत एजेन्टलाई पनि बैंक एजेन्ट र अन्य एजेन्ट गरी दुई भागमा राखिन्छ । बैंक तथा वित्तीय संस्थाले बिमाको एजेन्टका रूपमा कार्य गरेर बिमा सेवा उपलब्ध गराउने कार्यलाई बैंक बिमा भनिन्छ । नेपालमा बैंक बिमाको मात्रा भने अत्यन्तै कम रहेको अवस्था छ । यसलाई बढाउन आवश्यक नीति र कार्यक्रम बनाउनुपर्ने खाँचो रहेको छ । हाल देशमा कतिपय सहकारी संस्था, गैरसरकारी संस्था र बचत तथा कर्जाको काम गर्ने अर्ध संगठित संस्थाले बिमा समितिबाट इजाजत नलिई बिमा कारोबार गरिरहेका छन् । यो ज्यादा ठूलो जोखिमपूर्ण कार्यसमेत हो । प्रचलित कम्पनी व्यवस्थाअनुसार बिमा समितिको इजाजत नलिई बिमासम्बन्धी व्यवसाय सञ्चालन गर्न मिल्दैन ।

अतः यस चुनौतीलाई सच्याउन पनि आवश्यक नीतिको व्यवस्था हुनु जरूरी देखिन्छ । नेपालमा बिमा क्षेत्रको नियमनकारी निकाय बिमा समिति हो । तर, हालको अवस्थामा बिमा व्यवसायको बढ्दो चुनौतीसँग जुध्न बिमा समितिलाई आवश्यक अधिकार उपलब्ध भएको देखिँदैन । त्यसैले बिमा समितिको नाम नै परिवर्तन गरेर नेपाल बिमा प्राधिकरण राखेर यसलाई राष्ट्र बैंकजस्तै शक्तिशाली नियमनकारी निकाय बनाउनुपर्छ । यसो भएमा बिमा व्यवसायको क्षेत्रमा देखिएका समस्यालाई सम्बोधन गर्न सकिन्छ । बिमा क्षेत्रमा व्यवस्थापकीय तहको जनशक्ति उचित मात्रामा उपलब्ध नहुनु यस क्षेत्रको अर्को समस्या हो । यस समस्यालाई हल गर्न राष्ट्रिय स्तरको बिमा प्रशिक्षण केन्द्र स्थापना गर्नुका साथै क्षेत्रीय स्तरमा समेत घुम्ती तालिमहरू सञ्चालन गर्नुपर्छ ।

नेपालका विश्वविद्यालयका स्नातक तहका लागि बिमा विषयलाई उचित स्थान दिएर समावेश गर्दै स्नातकोत्तर तहमा बिमा विषयका अध्ययन अध्यापन हुने प्रबन्ध मिलाई यस क्षेत्रको प्राज्ञिक र व्यावहारिक दक्षता बढाउन प्रभावकारी व्यवस्था मिलाउँदै जानुपर्छ । यसका साथै विद्यालय तहको पाठ्यक्रममा पनि बिमा'दयगत पाठ समावेश गरी पठनपाठन हुनुपर्छ । विश्व व्यापार संगठनको सदस्यको नाताले सन् २०१० जनवरीदेखि नेपालले सेवा क्षेत्रमा उदारीकरणको नीति अवलम्बन गरेको छ । यस प्रवधानले गर्दा भविष्यमा विदेशी बिमा कम्पनीका शाखा नेपालमा पनि स्थापना हुन सक्छन् । बिमा क्षेत्रका समस्यालाई समाधान गर्न वस्तुपरक विकल्पको खोजी गर्नुपर्छ ।

नेपालमा बिमा व्यवसायको प्रभावकारिता बढाउन यस क्षेत्रमा रहेका थप समयाको पहिचान गर्नुपर्छ । बिमा अभिकर्तालाई उचित तालिमको प्रबन्ध नहुनु, बिमा सेवाशुल्क महँगो हुनु, बिमासम्बन्धी नागरिकमा चेताना कम हुनु, स्वास्थ्यबिमाको विस्तार नहुनु, नीतिगत निकाय खासगरी अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग बिमा समिति र धितोपत्र बोर्डबीच समन्वय अभावमा प्रभावकारी कार्य सम्पादन हुन सकेका छैनन् ।

# सखरखण्डले आयु बढाउँछ ?

जाडोयाममा उत्पादन हुने सखर खण्ड कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन, मिनरल्स, पोटासियम, फस्फोरसको र ाम्रो स्रोत भएको पोषणविद् डा. भुपाल बानियाँ बताउँछन् ।

'सखरखण्डमा पाइने यी सबै पोषकतत्त्व शरीरको लागि फाइदाजनक छन्,' उनी भन्छन् । सखरखण्डमा कार्बोहाइड्रेट हुने हुनाले यो शक्तिबर्द्धक हुन्छ भने यसमा पाइने फाइबरले कब्जियतको समस्या पनि कम गर्छ । र क्तचाप नियन्त्रण गर्न भूमिका खेल्ने सखर खण्डले पाचनप्रक्रियालाई समेत बलियो बनाउने बानियाँ बताउँछन् ।

यसमा भिटामिन ए र भिटामिन डी समेत उल्लेख्य पाइने हुनाले सखरखण्ड स्वस्थ आँखा र हड्डीका लागि उपयोगी हुने उनको भनाइ छ । 'सखरखण्डमा आइरन, फोलेट, कपर, म्याग्नेसियम, भिटामिन पाइन्छ, जसले रोग प्रतिरोधात्मक क्षमतालाई बलियो बनाउँछ,' बानियाँ भन्छन्, 'क्यान्सरको कारक तत्व मानिने फ्री रेडिकल्ससँग लड्न समेत यसले मद्दत पुऱ्याउँछ ।'

पोषणविद् केपी लम्साल शरीरलाई ऊर्जा दिने कार्बोहाइड्रेटदेखि विभिन्न खनिज र भिटामिन पाइने सखरखण्ड भाते बानी (भात खानैपर्ने बानी)को राम्रो विकल्प समेत भएको बताउँछन् । सखर खण्ड खाँदा आँखा स्वस्थ हुने, रोगप्रतिरोधी क्षमता मजबुत हुनेदेखि यसमा भएको पोटासियम र म्याग्नेसियमले र क्तसञ्चारलाई सन्तुलनमा राखी मुटु स्वस्थ बनाउने, घुलनशील फाइबरले शरीरमा खराब कोलेस्टेरोल नियन्त्रण गर्न र पाचन प्रणाली स्वस्थ राख्नसम्म सहयोग गर्छ। सुन्तला रंगको सखरखण्ड पोषणका हिसाबले झनै फाइदाजनक हुने उनी बताउँछन् ।

### आयु बढाउन मद्दत गर्छ

जापानको ओकिनावाका बासिन्दा कसरी सय वर्ष बढी बाँच्छन् भन्ने सम्बन्धमा वैज्ञानिकहरूले लामो समयदेखि खोज गर्दै आएका छन् । उनीहरू वंशाणुगत रूपमै यति लामो आयु पो लिएर आएका हुन् कि भनेर उनीहरूको जिनको पनि परीक्षण भएको छ । साथै उनीहरू फरक खानपानले पो यति स्वस्थ हुन्छन् भन्ने अनुमानले उनीहरूको खानपानबारे चासो लिइएको छ ।

पछिल्लो समय ओकिनावामा मानिसहरू के खान्छन् भनेर बढी खोज भएका छन् । नतिजा के देखिएको छ भने ओकिनावाका बासिन्दा खानामा प्रोटिनभन्दा बढी कार्बोहाइड्रेट लिने गरेका छन् । त्यसमा पनि धेरैभन्दा धेरै सखरखण्ड खाने गरेको पाइयो । उनीहरूलाई धेरैजसो क्यालोरी सखर खण्डबाट मिल्छ ।

सिड्नी विश्वविद्यालयका सामन्था सोलोन–बीएट पोषण र उमेर बढ्ने असर बारे अध्ययन गरिरहेका छन् । 'ओकिनावाका बासिन्दाको खाना अहिलेको अवस्थामा बढी प्रोटिन र कम कार्बोहाइड्रेट भएको खानपानभन्दा ठीक विपरीत छ,' उनी भन्छन् ।

के त्यसो भए ओकिनावाका बासिन्दाले प्रोटिन कम र कार्बोहाइड्रेटयुक्त खानेकुरा बढी सेवन गरेकाले लामो आयु बाँचेका वा निरोगी भएका हुन् ?

अहिले नै यसको निचोड निकाल्न सकिंदैन । तर अहिलेसम्म भएको अध्ययनले भने यस विषयमा थप गहिरिनुपर्ने अवस्था ल्याइदिएको छ ।

### सखरखण्डमा पाइन्छ राम्रो कार्बोहाइड्रेट

रिसर्चबाट थाहा लागेको छ कि धेरै कार्बोहाइड्रेटयुक्त खानेकुरा सेवन गर्नाले हाम्रो शरीरमा यस्ता केही प्रतिक्रिया हुन्छ, जसले उमेर बढ्ने क्रम धीमा गरि दिन्छ । साथै बढी कार्बोहाइड्रेटयुक्त खानेकुराले हामीलाई उमेर बढेसँगै हुने रोग जस्तो क्यान्सर, अल्जाइमर वा मुटुको रोगबाट बचाउँछ ।

यो रिसर्चको ठूलो हिस्सा ओकिनावा सेन्टेनैरियन स्टडीबाट आएको हो । यसअन्तर्गत सन् १९७५ देखि ओकिनावाका बासिन्दाको उमेर र उनीहरूको खानपानबारे अध्ययन भइर हेको छ । ओकिनावाका १५० टापुमा बस्ने सय वर्षभन्दा बढी उमेरका व्यक्तिहरू यसमा सामेल छन् । अहिलेसम्म यसअन्तर्गत एक हजार बढी मानिसको जीवनशैलीमाथि खोज अध्ययन भइसकेको छ ।

ओकिनावामा मानिस लामो उमेरसम्म बाँच्छन् । तर उनीहरू बुढ्यौलीमा अशक्त वा अर्कामाथि आश्रित हुँदैनन् । त्यहाँका मानिसहरू बुढ्यौलीको अन्तिम चरणसम्म सक्रिय रहन्छन् ।

ओकिनावामा औसत ९७ वर्षको उमेर सम्म वृद्धवृद्धाले आफ्नो सबै काम गर्न सक्छन् । उमेरसँगै आउने रोगहरूले उनीहरूलाई खास असर गर्दैन । क्यान्सर, मधुमेह, डिमेन्सिया र मुटुको रोग यहाँका मानिसलाई कम मात्रामा हुने गर्छ ।

### सखरखण्ड नखाएको राम्रो

सखरखण्डमा पोटासियम बढी हुने हुनाले मिर्गौलासम्बन्धी समस्या भएका व्यक्ति तथा मिर्गौलाको डायलाइसिस गरिरहेकाहरूले यसको सेवन नगर्नु राम्रो हुने पोषणविद् बानियाँ सुझाउँछन् ।

यसमा कार्बोहाइड्रेट बढी हुने भएकाले मधुमेहको समस्या भएका व्यक्तिले पनि सखरखण्ड कम खानु राम्रो हुन्छ ।

# स्वास्थ्यबर्द्धक ओट्स !

ओट्स अर्थात् जौ अहिले सहरी क्षेत्रका धेरैको डाइट चार्टमा पर्ने गरेको छ । ओट्सले शरीरलाई फिट र सुन्दर र ाख्न मद्दत गर्ने हुनाले सर्वसाधारणदेखि सेलिब्रिटीसम्मको रोजाइमा परेको पोषणविद् कामना आचार्य बताउँछिन् ।

'पहिले पहिले घोडा तगडा हुन्छ र धेरै कुद्न सक्छ भनेर घोडालाई ओट्स दिने गरिन्थ्यो । जुन अहिले ओट्स मिलको रूपमा मानिसले पनि खान थालेका छन्,' उनी भन्छन्, 'यसको सेवनले शरीरलाई ऊर्जावान् र बलियो बनाउने गर्छ ।' ओट्सलाई होल ग्रेन अन्न मानिन्छ । यसमा प्रशस्त पौष्टिक तत्व हुन्छ । गुल्टेन–फ्री हुनुका साथै राम्रो भिटामिन, खनिज, फाइबर र एन्टिअक्सिडेन्टको राम्रो स्रोत पनि हो ओट्स । हार्डवर्ड टीएच च्यानलको एक अध्ययनअनुसार ओट मिलको सेवनले उच्च रक्तचापको मात्रा कम गर्ने, मुटुरोगको जोखिम कम गर्ने, तौललाई नियन्त्रण गर्न मद्दत पुग्ने, ओट्समा पाइने बिटा–ग्लुकानले विस्तारै खाएको कुरा पचाउन सहयोग गर्छ ।

त्यसबाहेक आन्द्रालाई सफा गर्ने र यसको कार्यप्रणाली सुधार गर्ने, जैविक एसिडले हानिकारक पदार्थलाई बाँध्छ र पाचनप्रणालीबाट हुँदै शरीरबाट बाहिर पठाउन मद्दत गर्ने पनि अध्ययनमा उल्लेख छ । आचार्य पनि सो अध्ययनमा भनेको कुरामा सहमत जनाउँदै ओट्स अन्नहरूमा शक्तिशाली स्वास्थ्यवर्द्धक रहेको बताउँछिन् ।

उनका अनुसार यसमा प्रशस्त क्यालरी, फाइबर, म्याग्नेसियम, क्याल्सियम, प्रोटिन आइरन, जिंक, सोडियम, भिटामिन बी, भिटामिन ई र पनि राम्रो मात्रामा पाइने हुँदा दिनहुँ खाँदा शरीर स्वस्थ हुन्छ । उनका अनुसार ओट्समा भरपुर मात्रामा पौष्टिक तत्व हुने भएकाले दैनिक डाइटमा सामेल गर्दा खानामा पुग्न नसकेको पर्याप्त तत्व ओट्सले पूर्ति गर्ने गर्छ ।



### ओट्सका फाइदा:

ओट्समा क्यालोरी १६३, प्रोटिन ५ ग्राम, फ्याट ३ ग्राम, कार्बोहाइड्रेट ३२ ग्राम, फाइबर ४.५ ग्राम र सुगर एक ग्राम जति हुने भएकाले यसको दिनहुँ सेवन गर्दा पाचनक्रियालाई स्वस्थ राख्न मद्दत गर्ने, फाइबरले कोलेस्टेरोलको स्तर कम गर्ने, कब्जियत हुन नदिने र यसमा भएको फाइबरले पेट सफा गर्ने पोषणविद् आचार्यको भनाइ छ ।

'ओट्समा पाइने बिटा गुलकोल र भिटामिन, खनिज र प्रोटिनले रोग प्रतिरोधात्मक क्षमता बढाउने, दिनभर ऊर्जावान् राख्ने, हुँदा बिहानको खाजामा समावेश सकिन्छ,' उनले भनिन्, 'त्यति मात्र नभई ओट्समा हुने उच्च फाइबर को मात्राले रगतमा चिनीको मात्रा घटाउन पनि प्रभावकारी भएकाले मधुमेहका बिरामीका लागि प्रभावकारी हुने गर्छ ।'

जिम गर्नेहरूको लागि दैनिक खानेकुराको मेन्युमा पनि ओट्स राखिएको हुन्छ । धेरैले यसले वजन कन्ट्रोल गर्छ भन्ने पनि छ । तर ओट्समा बढी क्यालोरी हुने भएकाले यसलाई मात्रा मिलाएर खायो भने मात्र वजन नियन्त्रण हुने आचार्य बताउँछिन् ।

वैज्ञानिक नाम एभेना स्टाभिया रहेको ओट्स स्कटल्याण्डमा सबैभन्दा पहिले भेटिएको मानिन्छ । यो स्कटल्याण्डको मुख्य खाद्यवस्तु थियो । बिस्तारै विश्वभर फैलिएको ओट्स जुनसुकै खालको माटोमा पनि उब्जन्छ ।

पोषणविद् आचार्यका अनुसार ओट्सका धेरै प्रकार छन्, ओट ग्रूट्स, ओट ब्रान, आयरिस ओट्स, रोल्ड ओट्स, क्विक ओट्स, इन्स्ट्यान्ट ओट्स, ओट्स फ्लोअर । ओट्स खाना मात्र होइन, यो चाँडै तयार पनि गर्न सकिने आचार्य बताउँछिन् । 'बिहान ब्रेकफास्टको रूपमा ओट्सलाई दूध मिसाएर बिहानको खाजामा खान सकिन्छ । त्यसबाहेक ओट्सलाई सुप बनाएर वा खिचडीलाई दाल र तरकारीसँग बनाउन र खान सकिन्छ । बेलुकी ओट्सलाई दाल वा सुपको रूपमा राति सेवन गर्न पनि सकिन्छ ।'

तर ग्यास्ट्रिक भएकाहरूले भने खालीपेटमा खान हुँदैन । किनभने यसमा भएको फाइबरको मात्राले झनै ग्यास्ट्रिक बढी गराउने उनी बताउँछिन् ।

### प्याकेटको ओट्स तीन महिनाभित्र खाइसक्नुपर्छ

धेरै समयसम्म राख्दा बिग्रिने भएकाले प्याकेटमा राखिएको खानेकुरा त्यसमा उल्लेख गरिएको मितिभित्रै खाइसक्नुपर्छ । ओट्सको प्याकेट फुट्दा बिग्रिन सक्ने भएकाले किन्दा, प्याकेट कतैबाट च्यातिएको छैन भन्ने कुरामा ध्यान दिनुपर्छ । ओट्सको प्याकेट खोलेपछि तीन महिनाभित्र खाइसक्नुपर्ने आचार्य सुझाउँछिन् ।






# शिखर सहकारीको अध्यक्षमा रायमाझी

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा संचालनमा रहेको शिखर बचत तथा ऋण सहकारी संस्थाको १२ औं साधारणसभाबाट अध्यक्षमा मनोज रायमाझी निर्विरोध निर्वाचित भएका छन । साधारणसभाले संचालक समिती, लेखा समिति र ऋण उपसमितीका सदस्यहरू निर्विरोध निर्वाचित गरेको प्रमुख निर्वाचन अधिकृत कृष्ण बहादुर बिष्टले जानकारी दिए ।

साधारणसभाले संस्थाको ४ वर्षे कार्यकालको लागि उपाध्यक्षमा रामचन्द्र बिष्ट, सचिव सहदेव ढकाल, कोषाध्यक्ष निरज रायमाझी र सदस्यहरू विनोद बस्नेत, उर्मिला गोपाली, नेत्र केसी र कृष्णा रायमाझी निर्विरोध चयन गरेको हो । लेखा समिती संयोजकमा लक्ष्मी कार्की, सदस्यहरू ज्ञानेश्वर रायमाझी, विनोद बस्नेत निर्विरोध भएको निर्वाचन अधिकृत राजन मिश्रले बताए ।

त्यस्तै ऋण उपसमिति संयोजकमा जयन्ती रायमाझी, सदस्य रमेश खड्का र निरज रायमाझी चुनिएका छन। निर्वाचित कार्यसमिति सदस्यहरूलाई प्रमुख निर्वाचन अधिकृत कृष्ण बहादुर बिष्टले पद तथा गोपनियताको सपथ ग्रहण गराए । सहकारी विनियम अनुसार कार्यसमितिको कार्यकाल ४ रहेको छ । संस्थाले नवनिर्वाचित पदाधिकारीलाई स्वागत गर्दै निवर्तमान अध्यक्ष मधुसूदन बिष्टलाई सम्मान सहित बिदाई गरेको छ । निवर्तमान अध्यक्ष बिष्टको संस्थाप्रतिको लगावलाई अनुसरण गर्दै संस्थाको हितमा लाग्ने नवनिर्वाचित अध्यक्ष मनोज रायमाझीले बताए ।

**यसैबीच** शिखर बचत तथा ऋण सहकारी संस्थाको कारोबार नौ करोड २० लाख पुगेको छ । संस्थाको १८ पुसमा भएको साधारणसभामा यस्तो प्रतिवेदन प्रस्तुत गरिएको हो । सभाले अध्यक्ष मधुसूदन विष्टको प्रतिवेदन तथा कोषाध्यक्ष मनोज रायमाझीले आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्यय तथा वार्षिक कार्यक्रम र लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पास भएको छ । सभामा अध्यक्ष बिष्टले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको लापरबाहीले गर्दा सहकारीहरूको जनविश्वास घट्दै जानुले असल सहकारीलाई पनि असर परेको उल्लेख गरे । आगामी दिनमा बागमती प्रदेश सहकारी संस्थाको सदस्य हुने, राष्ट्रिय सहकारी बैंक मार्फतको कारोबार र च्वाइस नेपाल र शिखर बचतको सम्बन्धलाई निरन्तरता दिदै सदस्य हितकोषको व्यवस्था गर्ने भावी रणनीति भएको उल्लेख गरे । सो क्रममा च्वाइस नेपाल संगको साझेदारीमा उत्कृष्ट कृषक तथा उद्यमी पुरस्कार,व्यावसायिक तालिम, टनेल बितरण, रिवेट कार्यक्रमहरू गर्दै आइरहेको जानकारी गराए ।



संस्थाका कोषाध्यक्ष मनोज रायमाझीले आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको सेयर पुँजी १ करोड २४ लाख २४ रहेकोमा आर्थिक बर्ष २०७८/०७९ मा १ करोड ३८ लाख पुगेको सभामा जानकारी गराए । सहकारीले ५ करोड ७९ लाख निक्षप संकलन, ६ करोड ४४ लाख रूपैया लगानीबाट १७ लाख मुनाफा गर्न सफल रहेको प्रतिवेदनमा रायमाझीले उल्लेख गरे । संस्थामा १ हजार ३ सय भन्दा बढी सदस्य छन् ।

साधारणसभाको अवसरमा च्वाइस नेपाल र शिखर बचतको संयुक्त रूपमा उद्यमी व्यवसायी पुरस्कार बाट १० जना सदस्यलाई सम्मान गरिएको छ । संस्थाले किरण गोपाली, सरोज उप्रेती, श्याम थापा, भवानी श्रेष्ठ, सुनिता कुवर, रत्न कुमारी गोले, होटल पाइनस, श्यामकाजी गोपाली, बिक्रम रायमाझी, रामशरण बिष्टलाई सम्मान गरेको हो । सम्मानित हुनेहरूलाई प्रमुख अतिथी थाहानगर उपप्रमुख भरत गोपालीले नगद तथा सम्मानपत्र वितरण गरेका थिए । संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व बहन अन्तर्गत पालुङ क्याम्पसमा स्नातक तेस्रो वर्षमा अध्यनरत थाहा २ कि रूपा बिष्टलाई छात्रवृत्ति प्रदान गरेको छ । सो अवसरमा सहयोगी संस्था च्वाइस नेपाललाई प्रसंसापत्रद्वारा सम्मानित गरिएको थियो ।

संस्थाका अध्यक्ष मधुसूदन विष्टको सभाध्यक्षतामा सम्पन्न साधारण सभामा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यता रहेको थियो । च्वाइस नेपालका सामाजिक विकास विशेषज्ञ प्रताप घिमिरेको विशिष्ट आतिथ्यता रहेको साधारणसभामा वडा नम्बर ४ का अध्यक्ष नारायण लामा ,४ कै वडा सदस्य शान्ती बिश्वकर्मा वडा नम्बर ३ का सदस्य कृष्णकुमार कार्की, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको उपाध्यक्ष अरूण रायमाझी, सहयोगी बचतका व्यवस्थापक मोहनमान श्रेष्ठ, फरक सोचका अध्यक्ष यादव रायमाझी, थाहा कृषि सहकारीका सचिव केशव सुनार, पाथिभरा सहकारीका अध्यक्ष गोकर्ण बरूवाल, दामन चेली समाजका उपाध्यक्ष राधिका रायमाझी, ग्रामीण पर्यटन सहकारी संस्थाका पुर्व अध्यक्ष तथा समाजसेवी निरन्जन अधिकारी, दिव्यतारा बहुउद्देश्यीय सहकारी पालुङ सेवा केन्द्रका व्यवस्थापक राममाया खत्री, मंगलदिप बचत तथा ऋण सहकारी पालुङ सेवा केन्द्रका व्यवस्थापक गणेश बिष्ट, लगायतका आतिथ्यता रहेको थियो ।

# ५१ विद्यार्थीलाई न्यानो कपडा



◆ विकास संवाददाता

रोटरी क्लव अफ काठमाडौं वेस्ट तथा रोटरी स्याटेलाइट क्लव अफ काठमाडौं वेस्ट टिस्टुङ्ले न्यानो कपडा वितरण गरेको छ ।

थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको हिमालय प्राविका ५१ जना विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरिएको छ। अस्ट्रेलियामा बसोबास गर्दै आइरहेका सिम्रन, आर्या, सौरभ, संगिता, श्रीजना, विश्वा र सुवासको टोलीको सहयोगमा २२ पुसमा विद्यालयमै एक कार्यक्रमको आयोजना गरी न्यानो कपडा वितरण गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य शान्तीमाया स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा रोटरियन प्रेसिडेन्ट विक्रम जोशीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा रोटरियन हरीगोपाल श्रेष्ठ, रोटरियन कल्पना रूम्बा, रोटरियन प्रमोदकृष्ण जोशी लगायत शिक्षक अभिभावकको उपस्थिति रहेको थियो ।

# १ लाख ९६ हजार आर्थिक सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहानगरका स्वर्गिय शिक्षक कल्याण विक्रम घलानको परिवारलाई आर्थिक सहयोग गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ८ मा रहेको इन्द्रायणी माविमा अध्यापन गराउने शिक्षक घलानको परिवारलाई थाहानगर शिक्षक महांघको तर्फबाट १ लाख ९६ हजार आर्थिक सहयोग गरेको हो ।

महासंघले थाहानगरमा कार्यरत शिक्षकहरूबाट सहयोग संकलन गरी एकमुष्ट शिक्षक परिवारलाई सहयोग गरिएको थाहानगर शिक्षक महासंघ अध्यक्ष राजाराम कार्कीले बताए । सहयोग हस्तान्तरण कार्यक्रम थाहानगर शिक्षा शाखा संयोजक माधब विक्रम मल्लको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा थाहानगर शिक्षक महासंघ अध्यक्ष राजाराम कार्की, सहसचिब कमला पौडेल, सदस्यहरू बिनोद सुवेदी, छमकला बस्नेतको उपस्थिति रहेको थियो ।

# स्थानीय तह सहिद स्मृति गोल्डकप फुटबल फागुनमा हुने



◆ विकास संवाददाता

पाँचौ स्थानीय तह सहिद स्मृति गोल्डकप फुटबल प्रतियोगिता आउँदो फागुन महिनामा हेटौंडामा हुने भएको छ । फागुन महिनाको दोस्रो सातामा हेटौंडामा फुटवल प्रतियोगिता गर्ने तयरी थालिएको हो । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जिल्ला खेलकुद विकास समितिमा पत्रकार सम्मेलन गर्दै आउँदो फागुन महिनामा फुटबल प्रतियोगिता गर्न लागिएको जानकारी गराइएको हो ।

यसअघि सम्पन्न फुटबल प्रतियोगितामा एक करोड ३१ लाख ५६ हजार रूपैयाँ आम्दानी गरेको प्रतियोगितामा चौथो संस्करणमा जम्मा खर्च भने एक करोड ९ लाख ७६ हजार रूपैयाँ गरेको फुटबल प्रतियोगिताका संयोजक प्रताप विष्टले जानकारी दिए । चौथो स्थानीय तह सहिद स्मृति गोल्डकप फुटबल प्रतियोगिताबाट २१ लाख ३६ हजार रूपैयाँ बचत भएको छ । प्रतियोगिता आयोजनाका लागि मकवानपुरका स्थानीय तहहरूले मात्रै झण्डै ६० लाख रूपैयाँ, बागमती प्रदेश खेलकुद विकास परिषद्बाट ४१ लाख ९१ हजार रूपैयाँ सहयोग प्राप्त भएको थियो ।

प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाले २४ लाख १६ हजार रूपैयाँ, ८ वटा गाउँपालिकाहरूबाट ३३ लाख ७० हजार रूपैयाँ सहयोग प्राप्त भएको थियो । प्रतियोगिताको उत्कृष्ट खेलाडीका लागि ६ लाख ९८ हजार रूपैयाँ मूल्यको बुलेट मोटरसाइकल हेटौंडा स्कूल अफ म्यानेजमेन्टले प्रायोजन गरेको थियो । हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा आयोजना गरिएको प्रतियोगितामा टिकटबाट मात्रै २२ लाख रूपैयाँ आम्दानी भएको बताइएको छ ।

दोस्रो संस्करणदेखि चौथो संस्करणसम्म प्रतियोगिता आयोजक समितिको संयोजकको भूमिका निर्वाह गर्नुभएका प्रताप विष्टले आगामी दिनमा संयोजक नबस्ने घोषणा गरेका छन् ।

# कैलाशको दुई सडक एशिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाश गाउँपालिकामा एकसाथ दुईवटा सडक आयोजना शिलान्यास गरिएको छ । बागमती प्रदेश सरकारको समपुरक अनुदानबाट निर्माण हुने ९/९ किलो मिटर को दुईवटा सडक आयोजनाको शुक्रबार साथ शिलान्यास गरिएको हो ।

शुक्रबार एक कार्यक्रकाबीच गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तान र उपाध्यक्ष बालकुमार मल्लले १८ किलो मिटर बर ाबरको दुवै सडक आयोजनाको शिलान्यास गरेका हुन् । बागमती प्रदेश सरकारको सममुरक बजेट मार्फत गाउँपालिकाले ठेक्का प्रकृयाबाट वडा नम्बर(१० को बेतिनि गिम्दी आमडाँडा थाक्ले सडक र कैलाश ८ र २ को भार्ता सानो डाँडाखर्क कैलाश सडक निर्माण गर्न लागेको हो । कुल १८ किलो मिटरको उक्त दुवै सडक आयोजनको ठेक्का एस एम कन्टूक्सनले



पाएको छ । कन्टूक्सनले कैलाश(१० स्थित बेतिनि गिम्दी आमडाँडा थाक्ले सडकको ठेक्का १ करोड ७१ लाख ६७ हजार ६१८ रूपैया र कैलाश(८ र २ मा पर्ने भार्ता सानो डाँडाखर्क कैलाश सडकको १ करोड ९४ लाख ८४ हजार २७१ रूपैयामा आगामी २०८० साल जेठ २६ गते भित्र निर्माण सम्पन्न गर्ने गरि ठेक्का पाएको गाउँपालिकाका अध्यक्ष लोक बहादुर मुक्तानले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# महांकाल आविको अध्यक्षमा जितबहादुर निर्वाचित



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ११ मा रहेको महांकाल आधारभूत विद्यालय व्यवस्थापन समिति पुर्नगठन भएको छ। विद्यालयमा आयोजित विद्यालय व्यवस्थापन समिति पुर्नगठन तथा दोस्रो त्रैमासिक नतिजा प्रकाशन कार्यक्रमको अवसरमा अध्यक्षमा जित बहादुर गोले चयन भएका छन् ।

व्यवस्थापन समितिको सदस्यहरूमा सानु तामाङ, सरिता गोले, सानुमायाँ स्याङ्तान, सपना लामा, वडाध्यक्ष दिनेश बल, शिक्षक प्रतिनीधि राजु मोक्तान र सदस्य सचिवमा प्रधानाध्यापक सचिन कुमार बल भयन भएका छन्। कार्यक्रममा दोस्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन तथा पुरस्कार वितरण पनि भएको छ ।

सो अवसरमा विद्यालयका सस्थापक अध्यक्ष पुड्के गोलेलाई र २०७० पुस ५ गतेदेखि निरन्तर आजसम्म अध्यक्ष पदमा रही विद्यालय व्यवस्थापनमा योगदान दिनूहुने मान बहादुर मुक्तानलाई विद्यालयले सम्मान गरेको छ । थाहा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष दिनेश बलको प्रमुख आतिथ्यता तथा थाहानगर शिक्षा शाखा प्रमुख माधव विक्रम मल्लको विशेष आतिथ्यमा भएको कार्यक्रममा बागेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक बीरमान स्याङ्तान र नेपाल चेम्बर प्राविका प्रधानाध्यापक सुन्तली बल लगायतकाको आतिथ्यता रहेको थियो ।

# चेतनशील सहकारीको अध्यक्षमा शकुन्तला गोपाली

◆ विकास संवाददाता



थाहानगरमा सञ्चालित चेतनशील महिला बचत तथा ऋण सहकारी संस्थाको १८ साधारण सभाबाट शकुन्तला गोपाली अध्यक्षमा निर्वाचित भएकी छिन् । गोपालीसहित नौ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित भएका छन् । समितिको उपाध्यक्षमा मेरिना खत्री, सचिव प्रतिमा श्रेष्ठ, सहसचिव मिरा खड्का, कोषाध्यक्ष कमला विष्ट तथा सदस्यहरू गीता विष्ट, सानुमैया भण्डारी, शान्ती पाख्रीन र मिना नेगी निर्वाचित भएका छन् लेखा समिती संयोजकमा रूना खत्री तथा सदस्य कोपिला गोपाली र राजी बस्नेत निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत विमल कुमार विष्टले जानकारी दिए ।

थाहानगर शिखरकोटको विकास घरमा भएको साधारणसभा थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीको प्रमुख आतिथ्यतामा भएको थियो । सभामा प्रमुख अतिथी रायमाझीले सानो महिला समुहबाट शुरू भएको सहकारीले प्रगती गर्न सफल भएकोमा बधाई दिए । महिला सहकारी संस्थाले समाजमा खेलेको भुमिका उल्लेख्य रहेको बताउँदै आगामि दिनमा पनि वडाको तर्फबाट साथ र सहयोग र हिरहने प्रतिवद्धता जनाए। उनले स्थानीय सरकार र सहकारीले हातेमालो गर्दै समाजको विकास र उत्थानका लागि संगसंगै अघि बढ्नुपर्ने धारणा राखे । कार्यक्रमका विशिष्ट अतिथी थाहा नगर पालिका महिला तथा बालबालिका शाखाका प्रमुख प्रतिमा मोक्तानले नगरपालिकाले महिला सहकारीलाई दिदै आइरहेको चालू कोषमा वृद्धि गर्दै सीपमुलक तालिम र महिला सहकारी लाई प्राविधिक युक्त बनाउन ५० प्रतिशतमा ल्यापटप अनुदानमा दिने कार्यक्रम रहेको बताउदै अन्य कार्यक्रममा सहकार्य गरेर अगाडि बढ्ने बताइन् । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उमेश ढकालले नगरमा महिला सहकारीको रूपमा उत्कृष्ट कार्य गरेको बताउदै छोटो समयमा ठुलो परिवर्तन गर्न सफल चेनशील सहकारीले यो क्षेत्रको साख राख्न सफल भएको उल्लेख गरे ।

साधारणसभामा संचालक समितिको तर्फबाट कार्यवाहक अध्यक्ष मेरीना खत्रीले संस्थाको नीति तथा कार्यक्रम तथा कोषाध्यक्ष राधिका रायमाझीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सभाले पास गरेको छ । संस्थामा शेयर पुजि ३३ लाख, जगेडा कोषमा २० लाख रूपैयाँ तथा निक्षेप १ करोड ३४ लाख रहेको छ । सहकारी संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा २ करोड १८ लाख रूपैयाँको आर्थिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ। साधारणसभाको अवसरमा जेष्ठ महिला शेयर सदस्यहरूलाई सम्मान गरिएको छ । सम्मानित हुनेमा मिनु विष्ट, सान्नानी सुनार, मखमली रायमाझी, राममाया रायमाझी, गोमा रायमाझी, कालीमैया बर्तौला, हेमकुमारी विष्ट, बुद्धमाया गोपाली, माया रायमाझी, कृष्ण कुमारी केसी, राधिका कार्की, कृष्ण केसी रहे भने कारोबार संचालनमा उत्कृष्ट समूह थाहा ३ को शुभकामना महिला विकास समिति, प्रगती महिला विकास समिति, थाहा ३ र बालकुमारी महिला विकास समिति थाहा ४ नारायण झ्याउ भए । त्यसैगरी उत्कृष्ट बचतकर्ता चमेली कार्की र भैरव प्रधान हुँदा कर्जा संचालनमा उत्कृष्ट चन्द्रावती रायमाझी भए ।

संस्थाका उपाध्यक्ष मेरिना खत्रीको अध्यक्षतामा सम्पन्न साधारणसभामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष अरूण रायमाझी, संस्थाका पुर्व अध्यक्ष कविता विष्ट, लालीगुराँस महिला बहुउद्देश्यीय सहकारीका अध्यक्ष रिता प्रधान, दिव्यतारा बहुउद्देश्यीय सहकारी पालुङ सेवा केन्द्रकी व्यवस्थापक राममाया खत्री, कुण्डलदेवी बहुउद्देश्यीय सहकारीका व्यवस्थापक राजन मिश्र, फरक सोचका अध्यक्ष यादव रायमाझी, दामन चेली समाजका अध्यक्ष जयन्ती रायमाझीले शुभकामना दिएका थिए ।

# वडाध्यक्ष रायमाझीको पहलमा बेवारिसे महिलाको उद्धार



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको पहलमा एक बेवारिसे महिलालाई उद्धार गरी मानबसेवा आश्रम हेटौंडामा बुझाइएको छ ।

विगत ४ वर्षदेखि वडा नम्बर ३ को कार्यालय नजिकको पाटीमा बसी कष्टकर जीवनयापन गर्दै आएकी एक महिलाको उद्धार गरि मानवसेवा आश्रम हेटौंडामा १९ पुसमा बुझाइएको अध्यक्ष रायमाझीले बताए । अन्दाजी ६० बर्षिय महिलाको नाम, थर, परिवारजन केहि थाहा नभएको र कहाँबाट आएको भन्ने पनि थाहा नभएकोले इलाका प्रहरी कार्यालय पालुङको सहयोगमा आश्रममा बुझाईएको हो ।

अध्यक्ष रायमाझीले उद्धार कार्यमा सहयोग गर्ने मानवसेवा आश्रम हेटौंडाका प्रकाश पौडेल, इलाका प्रहरी कार्यालय पालुङ, वडा सदस्य कबिता बिष्टलगायतलाई धन्यवाद दिएका छन् ।


# डाँफेमुनाल पार्क बैकुण्ठमा ल्होसार मेला हुने

◆ विकास संवाददाता

तामाङ समुदायको नयाँ वर्ष अर्थात सोनाम ल्होसारको अवसरमा डाँफेमुनाल पार्क बैकुण्ठमा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले ल्होसार मेला आयोजना गरिने भएको छ ।

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर २ मा रहेको बैकुण्ठमा माघ ८ गते ल्होसार पर्व मनाउन विनोद मुक्तानको संयोजकत्वमा ल्होसार संयोजन समिति निर्माण गरिएको वडाध्यक्ष राजेन्द्र घिसिङले जानकारी दिए ।

मेलामा स्थानीय जनप्रतिनिधिको उपस्थितिमा राष्ट्रिय कलाकारको प्रस्तुति रहने उनले बताए। मेलामा स्थानीय तामाङ समुदायको संस्कार र सँस्कृतिसँग सम्बन्धित लामा, बोम्बो, लब्तावा लगायतका झाँकीहरूको प्रस्तुती रहनेछ । ग्रामिण पर्यटनको विकास, स्थानीय तामाङ समुदायको सँस्कृतिको जगेर्ना, भाषा, भेषभुसा र कलाको संरक्षणमा मद्दत पुऱ्याउने उद्देश्यले मेला आयोजना गर्न लागिएको अध्यक्ष घिसिङको भनाई छ ।



तामाङ समुदायको सबैभन्दा ठुलो सांस्कृतिक पर्व २८५९औँ सोनाम ल्होछार २०७९ ह्योई ल्हो (बिरालो वर्ग)को अवसरमा तामाङ समुदायको बाहुल्यता रहेको बैकुण्ठमा पहिलो पटक मेला हुन लागेको हो ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडामा साँसद-न्यायाधीशदेखी कर्मचारी र प्रतिनीधि सम्मानित



◆ विकास संवाददाता

नेवाः गुठी खलः मकवानपुरले दोश्रो वार्षिक साधारणसभामा नेवार समुदायबाट नवनिर्वाचित जनप्रतिनिधि, अधिवक्ता, कर्मचारी, प्राध्यापक, समाजसेवीलाई बधाई र सम्मान गरेको छ । नेवार समुदायबाट निर्वाचित प्रदेश सांसदहरू, न्यायाधीशहरू, प्रदेश न्यायाधिवक्ता, गाउँपालिका उपाध्यक्षहरू, वडा अध्यक्षहरू, सदस्य, हेटौंडा कार्यपालिका सदस्य, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य, सरकारी कर्मचारीहरू, प्राध्यापक, समाजसेवीसहित ३० जनालाई सम्मान गरिएको हो ।

कार्यक्रममा उच्च अदालत पाटन हेटौंडा ईजालसकी न्यायाधीश मेरिना श्रेष्ठको प्रमुख अतिथ्य तथा उच्च अदालत पाटन हेटौंडा ईजालसकी न्यायाधीश निर्मला शाक्य र बागमती प्रदेशका सांसद एकालाल श्रेष्ठको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा बोल्दै प्रदेश सांसद एकालाल श्रेष्ठले नेवार समुदायलाई अगाडी बढाउँदै समाजकै विकासका लागि नेवार समुदायका अगुवाहरू पनि हरेक क्षेत्रमा प्रतिष्पर्धा गर्दै नेतृत्वमा जान हिच्किचाउन नहुनेमा जोड दिनुभयो । बागमती प्रदेशका मुख्यन्यायाधिवक्ता श्यामनारायण श्रेष्ठले राज्यको विभेदकारी नीतिका कारण नेवारी भाषा, संस्कृति लोप हुँदै गएको बताउँदै सर कारसँगै नेवार समुदाय गम्भीर हुनुपर्ने बताए ।

नेवाः गुठी खलः मकवानपुरका अध्यक्ष अनिल खड्गेको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपमेयर भरत गोपाली, नेवाः देय् दबु बागमती प्रदेश अध्यक्ष एवं हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जन, नेपाल चेम्बर अफ कमर्स बागमती प्रदेश अध्यक्ष सिद्धीलाल श्रेष्ठ, नेवाः देय् दबु मकवानपुरका संस्थापक अध्यक्ष देवप्रसाद श्रेष्ठ, नेवाः गुठी खलःका जिल्ला उपाध्यक्ष यज्ञबहादुर श्रेष्ठ लगायतले विशिष्टता र हेको नेवार समुदायको भाषा, संस्कृति, रहनसहन संरक्षण, विकास र प्रवर्द्धनमा ढिलाई गर्न नहुने बताएका थिए ।

नेवाः गुठी खलः मकवानपुरका महासचिव देवकुमार श्रेष्ठले संचालन गरेको कार्यक्रममा बागमती प्रदेशका खानेपानी तथा उर्जा मन्त्रालयका सचिव मोहनकुमार शाक्य, भीमफेदी गाउँपालिका उपाध्यक्ष संजीव श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका कार्यपालिका सदस्य साधना श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो ।

# चित्लाङ्मा गड्यौला मल उत्पादन प्रविधि सम्बन्धी तालिम

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङ्मा गड्यौला मल उत्पादन प्रविधि सम्बन्धी एकदिने तालिम भएको छ । थाहा नगरपालिका वडा नम्बर ९ र मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको संयुक्त आयोजनामा तालिम भएको हो ।

घर वरीपरी र समुदायमा हुने फोहोर लाई मोहोर बनाउने उद्देश्य तालिम संचालन गरिएको आयोजक थाहा नगरपालिका वडा नम्बर ९ र १० की कृषि प्राविधिक कमला सुवेदीले जानकारी दिइन् । मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा २४ पुसमा संचालित तालिममा ९ नम्बर वडाका किसानहरूको सहभागिता रहेको थियो ।

तालिमका सहभागी किसानहरूलाई त्रिभुवन विश्वविद्यालयकी सेवा निवृत्त प्रोफेसर डाक्टर आनन्दा शोभा ताम्राकार, मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका डाक्टर अनुपमा श्रेष्ठ र डाक्टर भुषण श्रेष्ठले सहजीकरण गरेका थिए । तालिम पश्चात् किसानहरूले गड्यौला मल उत्पादन गर्ने प्रतिवद्धता जनाएका छन् । कार्यक्रममा थाहा नगर पालिका वडा नम्बर ९ र १० की कृषि प्राविधिक कमला सुवेदी तथा प्रशिक्षकहरूले किसानहरूलाई गड्यौला मल प्रविधि सम्बन्धी प्राविधिक ज्ञानमा तालिम पश्चात पनि सहयोग गर्ने बताएका थिए । ७ देखि १० जना सम्मको किसान समूह बनाएर गड्यौला मल प्रविधि सम्बन्धी काम गर्न चाहेमा मागको आधारमा वडा कार्यालयले गड्यौला खरिदमा सहयोग गर्ने वडाध्यक्ष राजकुमार बलामीले बताए ।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं !

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फँस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाईं र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,

धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी